# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ फागुन १५ गते

## तीस दलीय गठनबन्धनको आसन्न विरोध प्रदर्शन

### सुरक्षा निकायका प्रमुख तथा तीस दलीय गठबन्धनका प्रतिनिधिहरूसँग छलफल

तीस दलीय गठबन्धनले राजधानीमा शनिबार विरोध प्रदर्शन गर्न लागेको पूर्वसन्ध्यामा राष्ट्रिय मानव अधिकार आयोगले उपत्यकाका सुरक्षा निकाय प्रमुख, प्रमुख जिल्ला अधिकारी तथा तीस दलीय गठबन्धनका प्रतिनिधिहरूसँग मानव अधिकारको सवालबारे शुक्रबार बेग्लाबेग्लै छलफल गरेको छ ।

बेग्लाबेग्लै छलफलमा आयोगका अध्यक्ष अनुपराज शर्माले शान्तिपूर्वक विरोध प्रदर्शन गर्न पाउने नागरिकको अधिकार सुनिश्चित गर्न तथा विरोध प्रदर्शनका क्रममा शान्ति-सुव्यवस्था कायम गर्न सरोकारवालाहरूको ध्यानाकर्षण गराउनुभयो ।

विरोध प्रदर्शनमा  आयोगका सदस्य सुदिप पाठकको नेतृत्वमा अनुगमन टोलीहरू परिचालन हुनेछन् ।

छलफल कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरूले शान्ति-सुव्यवस्था कायम गर्ने कार्यमा आफूहरू हरसम्भव प्रयासरत रहेको जानकारी दिनुभयो ।

यसैगरी,  बेग्लै छलफलमा तीस दलीय गठबन्धनका प्रतिनिधिहरूले नागरिकको अधिकार रक्षाका लागि आफूहरू विरोध प्रदर्शनमा जुटेको र विरोधको कार्यक्रम शान्तिपूर्ण एवम् संयमित हुने बताउनुभयो ।

बेग्लाबेग्लै छलफलका क्रममा विरोध प्रदर्शनका क्रममा मानव अधिकारको पालना; ट्राफिक व्यवस्थापन; विरोध कार्यक्रमको व्यवस्थापन; नागरिकको आवतजावतको अधिकार; प्रदर्शनकर्ता, सुरक्षाकर्मी तथा सर्वसाधारण नागरिकको सुरक्षालगायतका विषयमा छलफल भयो ।

छलफल कार्यक्रममा तीस दलीय गठबन्धनको तर्फबाट वर्षमान पुन, हृदयेश त्रिपाठी, झक्कुप्रसाद सुवेदी, शालिकराम जम्मरकट्टेल र पासाङ शेर्पा उपस्थित हुनुहुन्थ्यो ।

सुरक्षा निकायसँगको छलफलमा महानगरीय प्रहरी आयुक्तको कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक विज्ञानराज शर्मा, सशस्त्र प्रहरी बलका अतिरिक्त महानिरीक्षक जीवन थापा, महानगरीय प्रहरी परिसरका काठमाडौंका प्रमुख  प्रहरी वरिष्ठ उपरीक्षक उत्तमकुमार कार्की, जिल्ला प्रहरी कार्यालय ललितपुरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक पुष्पचन्द्र रञ्जित तथा जिल्ला प्रहरी कार्यालय भक्तपुरका प्रमुख प्रहरी उपरीक्षक  विकास श्रेष्ठ उपस्थित हुनुहुन्थ्यो ।

सो अवसरमा काठमाडौं, ललितपुर र भक्तपुरका प्रमुख जिल्ला अधिकारीहरू क्रमश : एकनारायण अर्याल, यादव कोइराला र अनिलकुमार ठाकुर पनि उपस्थित हुनुहुन्थ्यो ।

.....................

मोहना अन्सारी

प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org